**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल असोज ०६ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वीरेन्द्रनगर नगरपालिकालाई उपमहानगरपालिका घोषणा गर्न नेपाल सरकार समक्ष लेखी पठाउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कालिकोट जिल्ला सान्नी त्रिवेणी गाउँपालिकाको वडा नं. ४ र वडा नं. ६ को वडा संख्या र सिमाना हेरफेर गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि, २०७८ लाई स्वीकृति प्रदान गर्ने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली, २०७८ मा थप छलफल गर्न आवश्यक देखिएकोले आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका सशर्त अनुदान तर्फका आयोजनाको कार्यक्रम संशोधन सम्बन्धी प्रदेश सरकारलाई रहेको अधिकार उक्त अध्यादेशको दफा ८ को उपदफा (६) को अधीनमा रही आर्थिक ममिला तथा योजना मन्त्रालयलाई प्रत्यायोजन गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ को उपदफा (१) बमोजिम यसै साथ संलग्न प्रदेश बजार अनुगमन समिति गठन तथा समितिका काम, कर्तव्य र अधिकार स्वीकृत गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने । |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | पूर्वाधार विकास कार्यालय डोल्पाद्वारा सञ्चालित त्रिवेणी सर्मि भालुलेक जुम्ला सडक योजना मड्केचुला गा.पा. कडा चट्टान देखिएको चेनेज ०+८४०-०+९६०, चेनेज ३+५००-४+०६०, चेनेज ६+५००-६+६४० खण्डमा (जम्मा ८२० मिटर) ट्र्याक खोल्न जगदुल्ला हाईड्रोपावर आयोजनालाई सहमती प्रदान गर्ने । |
| सामाजिक विकास मन्त्रालय | शहिद स्मृति अस्पताल रास्कोटको भौतिक पूर्वाधारको लागि बजेट व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| सामाजिक विकास मन्त्रालय | कालिकोटमा स्वास्थ्य सेवा कार्यालय अन्तर्गत सरुवा रोग अस्पताल सञ्चालनका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कोभिड-१९ रोकथाम, उपचार तथा प्रतिकार्य व्यवस्थापन कोष स्थापना र सञ्चालन क्रियाकलापबाट कार्यक्रम संशोधन तथा रकमान्तर गरी रू. ८ करोड ८० लाख ३२ हजार संलग्न तालिका बमोजिम क्रियाकलाप घटाउन तथा बढाउन स्वीकृति प्रदान गर्ने । |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश अस्पतालको स्वास्थ्य उपकरण खरिद कार्यको नियमानुसार भुक्तानी गर्न रू. १२,५४,१५,०००।- (अक्षरूपी बाह्र करोड चौवन्न लाख पन्ध्र हजार मात्र) चालु आर्थिक वर्षमा कर्णाली प्रदेश अस्पतालका लागि विनियोजित बजेट तथा कार्यक्रममा संलग्न तालिका बमोजिमको कार्यक्रम संशोधन तथा रकमान्तर गरी क्रियाकलाप घटाउन तथा बढाउन स्वीकृति प्रदान गर्ने । |